## मिति २०७९।४।६ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय/तेसो बैठक

**निर्णय नं. १**

इलाम नगर कार्यपालिकाको गत बैठकहरुबाट भएका निर्णयहरुको कार्यान्वयन तथा प्रगति सम्बन्धमा समीक्षा गर्दै कार्यान्वयन हुन बाँकी पूर्व निर्णयहरुलाई यथासमयमा कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २**

लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को मूलप्रवाहीकरण नीति, कार्यक्रम, रणनीति र प्रशासनिक, वित्तीय वा आर्थिक क्रियाकलापहरूमा महिला, पुरुष तथा सीमान्तीकृत समुदायका चासो र आवश्यकताहरू पहिचान गरी सम्वोधन गर्ने एउटा प्रक्रिया हो । यो प्रक्रियाले असमानता र विभेदहरूको न्यूनीकरण गर्दै, समान अधिकार तथा अवसरहरूको सुनिश्चित गर्ने र जुनसुकै सामाजिक पृष्ठभूमि र पहिचान भए पनि सबै व्यक्तिमा सम्मानको प्रत्याभूति दिलाई असमान शक्ति सम्बन्धहरूलाई पुनः सन्तुलित गराउँदछ । नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । सीमान्तीकृत समुदायले भोग्नु परेको इतिहास वा विगतमा भएका क्षतिलाई सम्वोधन गर्न र लिंग तथा जात, जातियतामा आधारित भेदभावलाई निषेध गर्नु यसका सकारात्मक प्रावधानहरू हुन । पन्ध्रौं पन्च वर्षीय योजनाले सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रहरूमा महिलाहरूको समान र अर्थपूर्ण सहभागिता हासिल गर्ने लक्ष्य राख्दै नेपालको लैङ्गिक विकास सूचकांकलाई ०.९२५ बाट ०.९६३ पुऱ्याउने अपेक्षा राखेको छ । अतः लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को मूलप्रवाहीकरण नीति, कार्यक्रम, रणनीति र प्रशासनिक, वित्तीय वा आर्थिक क्रियाकलापहरूमा महिला, पुरुष तथा सीमान्तीकृत समुदायका चासो र आवश्यकताहरू पहिचान गरी सम्वोधन गर्दै लैजानु वाञ्छनीय भएकोले नेपालको संविधानको प्रस्तावनामा उल्लिखित समतामूलक समाज निर्माणको दायित्वलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी इलाम नगरपालिका, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति, २०७९ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नगर कार्यपालिकाको मिति २०७९।२।३० को निर्णयानुसार गठित इलाम मेडिकल कलेज आर्थिक तथा जग्गा व्यवस्थापन सहयोग कार्यदलको मिति २०७९।४।२ को निम्नानुसारको निर्णय परिमार्जनसहित अनुमोदन गर्ने निर्णय गरियो ।

१. नेपाल सरकारको प्रत्येक प्रदेशमा १।१ वटा मेडिकल कलेज खोल्ने कार्यक्रमबमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश नं. १ को इलाममा मेडिकल कलेज खोल्न आवश्यक कारवाही अगाडि बढाएको र सो कलेजको लागि आवश्यक जग्गाको व्यवस्थापन नगरपालिकाबाट मिलाउनु पर्ने भएको कारण नगर कार्यपालिकाको मिति २०७८।५।२८ गतेका दिन बसेको बैठकले निम्नानुसार निर्णय गरेको सन्दर्भमा यस कार्यालयका प्राविधिकको मिति २०७८।५।३० को प्रतिवेदन अनुसार निम्नानुसारको कि.नं. क्षेत्रफल भएको जग्गा इलाम मेडिकल कलेजको लागि उपयुक्त देखिएको हुँदा उल्लिखित जग्गाहरु इलाम मेडिकल कलेजको लागि उपलब्ध गराउनका लागि आवश्यक निर्णय गरि दिन हुन अनुरोध छ भनी नगर कार्यपालिकाको कार्यालय इलामको च.नं. ४५८ मिति २०७८।५।३० मा जिल्ला प्रशासन कार्यालयमार्फत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार भई सकेको हुनाले जग्गा व्यवस्थापनको कार्य छिटोछरितो गर्नका लागि सो कार्यलाई प्राथमिकतामा राखि दिन सम्बन्धित निकायहरुमा पुनः अनुरोध गर्ने ।

**इलाम मेडिकल कलेजको लागि उपयुक्त देखिएको जग्गाको विवरण**

| वडा नं. | साविक नक्सा अनुसार वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्ड बुकमा जनिएको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| ९ | साविक इलाम न.पा. वडा नं. ४।ख | ७५ | १८।०।२।३ | चौहानबन्धु गुठीखेत घटीटार | न.पा. को अधीनमा रहेको |
| ९ | साविक इलाम न.पा. वडा नं. ४।ख | ७४ | १०।३।३।० | बुट्यान | खुला जग्गा |
| ९ | साविक इलाम न.पा. वडा नं. ४।ख | ४८ | ८१०।२।०।० | बन | फिल्डबुक बन रहे पनि अधिकांश बाँझो रहेको |
| १२ | साविक साङ्गरुम्वा वडा नं. ५।क | २७ | ७१।१।३।१ | भिर | फिल्डबुकमा भिर जनिए पनि साङ्गरुम्वा साँगुरीको अधिकांश ठाउँमा समथर जग्गा रहेको । |
| १२ | साविक साङ्गरुम्वा वडा नं. ५।क | ३८ | ८५।१।०।२ | | |
| १२ | साविक साङ्गरुम्वा वडा नं. ५।क | १४२ | २३५।१५।०।० | | |
| १२ | साविक साङ्गरुम्वा वडा नं. ५।क | १०४ | ३९।१५।०।१ | | |
| १२ | साविक साङ्गरुम्वा वडा नं. ५।क | १३१ | ४९।८।०।१ | | |
| १२ | साविक साङ्गरुम्वा वडा नं. ५।क | १०७ | १६।०।०।१ | | |

२ इलाम मेडिकल कलेजको लागि इलाम नगरपालिका वडा नं. ९ गोलाखर्क घटिटारस्थित साविक इलाम नगरपालिका वडा नं. ४। कि.नं. ७४, ७५ र ४८ कृ जग्गासँग साँध जोडिएको वा सो जग्गाको आसपासमा रहेको निजी जग्गा निशुल्क उपलब्ध गराउन मिति २०७८।५।२७ को सूचना प्रकाशन गरिएकोमा तोकिएको समयभित्र निशुल्क जग्गा दिन इच्छुक दाताहरुबाट आवेदन पर्न नआएको हुनाले जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम निम्नानुसारको जग्गा अधिग्रहणको

माध्यमबाट प्राप्त गर्न आवश्यक कारवाही अगाडि बढाउने र सो कार्यमा सहयोग गरी सहज व्यवस्थापन मिलाई समयमै जग्गा प्राप्ति कार्यलाई सहज बनाउनका लागि इलाम नगरपालिका वडा नं. ९ का वडाध्यक्ष श्री गोपाल चौहानको संयोजकत्वमा सदस्यहरु श्री होम बस्नेत, श्री सुरेन्द्र चौहान, श्री सेरबहादुर खड्का, श्री कमला अधिकारी बराल, श्री आइन्द्र बिक्रम लिम्बु, श्री ललित चौहानसमेत रहेको इलाम मेडिकल कलेज जग्गा व्यवस्थापन सहयोग समिति गठन गर्ने र सो सहयोग समितिको सचिवालय वडा नं. ९ को वडा कार्यालयमा राख्ने । साथै यस समितिमा सदस्य थप्नु परेमा समितिका संयोजकको सिफारिसमा थप्ने व्यवस्था मिलाउने ।

| वडा | साविक नक्सा अनुसार वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|
| ९ | साविक इलाम न.पा. वडा नं. ४।ख | १३९ | ३।१०।३।० | महेन्द्र भट्टराई |
| ९ | साविक इलाम न.पा. वडा नं. ४।ख | १५४ | १२।३।१।१ | महेन्द्र भट्टराई |
| ९ | साविक इलाम न.पा. वडा नं. ४।ख | ७३ | ९।५।१।२ | दुर्गाप्रसाद भट्टराई |
| ९ | साविक इलाम न.पा. वडा नं. ४।ख | १४० | १७।१५।२।१ | राजकुमार पाठक, तेजकुमार पाठक |
| ९ | साविक इलाम न.पा. वडा नं. ४।ख | ७६ | ६।१४।१।२ | नेत्र ब. थापा, झुपमाया थापा |
| ९ | साविक इलाम न.पा. वडा नं. ४।ख | ७७ | ६।९।१।२ | गणेशबहादुर थापा |
| ९ | साविक इलाम न.पा. वडा नं. ४।ख | ७२ | ११।०।१।३ | प्रेमप्रसाद भट्टराई |
| | | | ६७।११।०।३ | |

३. इलाम मेडिकल कलेजको नाममा तत्कालीन वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे र वडाध्यक्ष श्री होमबहादुर बस्नेतको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी नेपाल बैंक लि. इलाममा ०४०००१०७१३७१६१००००१ नम्बरको खाता खोलिएकोमा स्थानीय तह निर्वाचन २०७९ सम्पन्न भई नयाँ नेतृत्व निर्वाचित भइसकेको हुनाले सो बैंक खाता वडाध्यक्ष श्री नरेश श्रेष्ठ, वडाध्यक्ष श्री गोपाल चौहान र वडाध्यक्ष श्री दुर्गा श्रेष्ठको संयुक्त दस्तखतबाट सञ्चालन तथा व्यवस्थापनका लागि दस्तखत नमुना कार्ड बैकमा पठाउने र जग्गा व्यवस्थापनका लागि सहयोग रकम संकलन गर्न तीव्रताका साथ अभियान सञ्चालन गर्ने ।

४. इलाम मेडिकल कलेजको पूर्वाधार व्यवस्थापनका लागि इलाम अस्पताललाई ३०० बेडको अस्पतालमा रुपान्तरण गर्नु आवश्यक भएको र इलाम अस्पतालसहित इलाम मेडिकल कलेजको लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाई सहयोग गरि दिनका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र १ नं. प्रदेश सरकार स्वास्थ्य मन्त्रालय समेतलाई अनुरोध गर्ने ।

५. नगर कार्यपालिकाको मिति २०७९।२।३० को निर्णयानुसार इलाम अस्पताल हातामा नगरपालिकाबाट आवश्यक जनशक्तिसहित स्वास्थ्य हेल्प डेस्क स्थापना गर्नका लागि अस्पताल विकास समितिको सहकार्यमा लगत इस्टमेटबमोजिम आवश्यक पूर्वाधार निर्माणको कार्य तत्काल अगाडि बढाउने ।

६. इलाम अस्पतालमा दरबन्दीबमोजिमको डाक्टर अभाव रहेको हुनाले सो अस्पतालको माग बमोजिम अत्यावश्यक सेवाका डाक्टरहरु पठाई सहयोग गर्न १ नं. प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयलाई अनुरोध गर्ने ।

**निर्णय नं. ४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६(ट) बमोजिम अन्तरस्थानीय तह भगिनी सम्बन्ध स्थापना र विस्तार गरी पर्यटन प्रवर्द्धनको क्रियाकलापहरु गर्न सकिने सन्दर्भमा मिति २०७९।३।३२ गतेका दिन मधेश प्रदेशको जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख श्री किशोरी शाहज्यूको टोली पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ इलाम भ्रमणमा आएका बखत जनकपुरधाम उपमहानगरपालिका र इलाम नगरपालिका बीच भगिनी सम्बन्ध स्थापना गरी जनकपुर – बिर्तामोड – शनिश्चरे – गरुवा – बेलासे – भन्ज्याङ्ग – जनकचोक – इलामबजार – कोठीडाँडा – माइपोखरी – पुवाखोला – नेपालटार – बाघखोर – पाटेनागी – इलामबजार – गोदक – कन्याम – बिर्तामोड – जनकपुरसम्मको रुटमा पर्ने धार्मिक सांस्कृतिक पर्यटकीय क्षेत्रको प्रचारप्रसार तथा विकासमा आपसी सहकार्य तथा समझदारी संझौता गर्ने प्रस्ताव आए अनुसार उक्त अन्तरस्थानीय तह भगिनी सम्बन्धका लागि संझौता गर्ने प्रक्रियालाई अगाडि बढाउने र सो कार्यमा सहयोगको लागि नेपाल पर्यटन बोर्डलाई समेत अनुरोध गर्ने निर्णय गरियो ।

साथै इलामको कृषि र पर्यटन प्रवर्द्धन गरी आर्थिक गतिविधि अभिबृद्धि गर्ने उद्देश्यमा केन्द्रित रहेर स्वदेशको काठमाडौ, पोखरा लगायतका अन्य स्थानीय तह र विदेशका नगरपालिकासँग समेत भगिनी सम्बन्धका लागि आवश्यक अध्ययन शुरु गरी कारवाही अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, जग्गा प्रशासन शाखा, सिंहदरबार काठमाडौको च.नं. १६४२ मिति २०७९।२।३० को परिपत्रानुसार भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ मा भएको व्यवस्थालाई कार्यान्वयनमा सहजीकरण गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गरी भूउपयोग कार्यक्रम सञ्चालन नहुन्जेलसम्म वा भूउपयोग नियमावली, २०७९ को नियम ५ को उपनियम (७) बमोजिम चारकिल्ला खुलाई कृषि क्षेत्र नतोकेसम्म कित्ताकाट/धितोबन्धक प्रयोजनका लागि सिफारिस आवश्यक भएकोले भूउपयोग नियमावली, २०७९ को नियम ८, अनुसूची १ मा उल्लिखित भूउपयोग क्षेत्र वर्गीकरणका आधार मापदण्ड तथा क्षेत्रफलबमोजिम मालपोत कार्यालय इलाममा सिफारिस गरि पाउँ भनी निम्न जग्गाधनीले आवेदन गरेको हुँदा आजको कार्यपालिका बैठकमै स्थानीय भूउपयोग परिषदको समेत बैठक बसी निम्नानुसार भूउपयोग क्षेत्र वर्गीकरण गर्ने निर्णय गरियो ।

**निम्न :**

| जग्गाधनीको | वडा | जग्गाको कित्ता नम्बर, क्षेत्रफल र धनीपूर्जामा उल्लेख भएको किसिम | धनीपूर्जामा |
|---|---|---|---|

**मिति २०७९।४।६ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय/तेसो बैठक**

| नामथर | नं. | साविक न.पा वा गाविस | वडा नं. | नक्सा नं. | कि.नं. | क्षेत्रफल | किसिम | उल्लेख गर्न चाहेको भुउपयोग क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| चन्द्रकला लक्सम | ६ | इलाम | ८ | ८।ख | १९५६ | २।३।१।३ | | आवासीय |
| | ६ | इलाम | ८ | ८।ख | १०२८ | १।३।०।० | | आवासीय |
| | ६ | इलाम | ८ | ८।ख | ११५१ | ०।३।०।० | | आवासीय |

**निर्णय नं. ६**

इलाम नगरपालिका, न्यायिक समितिको मिति २०७९।३।१२ को निम्नानुसारको आर्थिक कारोबारसँग सम्बन्धित निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निम्न :

| विवरण | | साविक दर | हालको दर | कैफियत |
|---|---|---|---|---|
| न्यायिक समितिको निवेदन दस्तुर | | ६०।०० | ५०।०० | |
| बैठक भत्ता | | नियमानुसार | नियमानुसार | |
| मेलमिलापकर्ता पारिश्रमिक | (क) मिलेकोमा | १२००।०० | १२००।०० | |
| | (ख) नमिलेकोमा ३ पटकसम्म | ६००।०० | ६००।०० | |

**निर्णय नं. ७**

इलाम नगरपालिका वडा नं. ७ मा रहेको ठूलो टुँडिखेल नेपाली सेनाको स्वामित्वमा रहे पनि सो टुँडिखेल सैनिक ब्यारेकको कम्पाउण्डदेखि बाहिर बजार क्षेत्रमा रहेको कारण सो टुँडिखेलमा नेपाली सेनाको स्वीकृतिमा विविध खेलकूद कार्यक्रमहरु आयोजना हुँदै आएको र उक्त टुँडिखेललाई खुला मैदानको रुपमा संरक्षण तथा संरक्षण गर्नु जरुरी भएको हुनाले सो टुँडिखेललाई नेपाली सेनाको सहयोग तथा समन्वयमा रङ्गशालाको रुपमा विकसित गरी सेनाकै स्वामित्वमा राखी आवश्यकतानुसार विविध खेलकूद कार्यक्रम गर्नु उपयुक्त हुने ठहर गरी नगरपालिकाबाट ल.इ. तथा नक्सा तयार भएको हुँदा सो ठूलो टुँडिखेललाई रङ्गशालाको रुपमा विकसित गर्नका लागि रणशार्दुल गण, गढीथुम्का ब्यारेक इलाममार्फत नेपाल सरकार, रक्षा मन्त्रालय, नेपाली सेनामा स्वीकृति तथा बजेट व्यवस्थापनका लागि पत्राचार गरी संघीय तथा प्रदेश सरकारको कार्यक्रममा समावेश गरेर रङ्गशाला निर्माण हुन बजेट विनियोजनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

इलाम नगरपालिका, नगर महिला समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ को दफा ३ (क), (ख), (ग), (घ) बमोजिम नगर महिला समन्वय समितिको निम्न पदमा निम्नानुसार मनोनयन गर्ने निर्णय गरियो ।

निम्न :

अध्यक्ष श्री पुष्पा खनाल, इलाम नगरपालिका वडा नं. ६

उपाध्यक्ष श्री सुनिता बस्नेत, इलाम नगरपालिका वडा नं. ९

सचिव श्री हरिकला श्रेष्ठ, इलाम नगरपालिका वडा नं. १०

सहसचिव श्री मिना रिजाल, इलाम नगरपालिका वडा नं. ७

कोषाध्यक्ष श्री सकुन राई, इलाम नगरपालिका वडा नं. १

**निर्णय नं. ९**

इलाम नगरपालिकाले लागू गरेका स्थानीय कानुनहरु समयानुकूल आवश्यकता अनुसार संशोधन गर्न आवश्यक देखिएको हुँदा संशोधन गर्न आवश्यक देखिएका कानुनहरु संशोधनका लागि ३ महले विवरण तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

इलाम नगरपालिकाको विरुद्धमा चलिरहेको निम्नानुसारको मुद्दाका सन्दर्भमा सम्बन्धित व्यक्तिले अदालतको मेलमिलाप केन्द्रमा माग गरेको विषयमा नगरपालिकाको कानुनी सल्लाहकार समेतको सल्लाह लिई पूर्वाधार विकास महाशाखा, नक्सापास शाखा र भूमि व्यवस्थापन शाखाबाट प्रतिवेदन तयार गरी तत्सम्बन्धी कारवाही अगाडि बढाउने निर्णय गरियो ।

निम्न

१) इलाम न.पा. विरुद्ध कृष्णकुमारी कान्दुका तर्फबाट मन्जु कान्दुले दायर गरेको जग्गा किचोला मुद्दा

२) इलाम न.पा. विरुद्ध प्रकाश थापाको अधिकृत वारेस मुना कार्की थापाले दायर गरेको जग्गा किचोला मुद्दा

**निर्णय नं. ११**

इलाम नगरपालिका वडा नं. ९ स्थित फाल्गुनन्द सुकिलुम्वा विमानस्थलबाट हवाइ उडान गर्ने गराउने विषयमा हालसम्म भएको पहलका विषयमा छलफल भई सो विमानस्थलबाट हवाइ उडान गर्न गराउनका लागि आवश्यक कारवाही अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

इलाम नगरपालिका वडा नं. ९ बस्ने कुमार लिम्बुले भाडा समायोजन तथा क्षतिपूर्ति दिलाई पाउँ भनी दिएको निवेदनमा छलफल हुँदा राजश्व शाखाको मिति २०७९।४।३ को प्रतिवेदनबमोजिम निवेदकले माग गरे अनुसारको क्षतिपूर्ति र भाडा समायोजन सम्बन्धमा थप निर्णय गर्न आवश्यक नरहेको हुनाले उक्त प्रतिवेदनबमोजिम गर्ने गराउने निर्णय गरियो ।

- लैससास रणनीति, २०७९
- इलाम मेडिकल कलेज कार्यदलको निर्णय अनुमोदन
- जनकपुरधाम उप महानगरपालिकाको भगिनी सम्बन्धको प्रस्ताव

**मिति २०७९।४।६ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय/तेसो बैठक**

- भू उपयोग क्षेत्र वर्गीकरण
- प्राविधिक कर्मचारी करारमा राख्न प्रक्रिया अगाडि बढाउने सम्बन्धी
- न्यायिक समितिको निर्णय अनुमोदन
- ठूलो टुँडिखेललाई रङ्गशाला बनाउन प्रस्ताव

विविध

१) अपाङ्गता समन्वय समितिको सदस्य पदमा १ जना महिला कार्यपालिका सदस्य मनोनयन

२) नगर महिला समन्वय समितिको अध्यक्ष, उपाधयक्ष, सचिव र कोषाध्यक्ष मनोयन

३) प्रकाश थापाको वारेस मुना थापाको माग

४) कृष्णकुमारी कान्दुको वारेस मन्जु कान्दुको माग

५) कुमार लिम्बुको निवेदन

**निर्णय नं. ६**

इलाम नगरपालिकाको स्वीकृत दरबन्दीमा प्रदेश लोक सेवा आयोगबाट कर्मचारी सिफारिस भई आएमा वा मन्त्रालयबाट समायोजन भई आएमा स्वतः करार संझौता भङ्ग गर्ने गरी इलाम नगरपालिका, करारमा कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम कृषि प्राविधिक (चौथों) पदमा २, पशु सेवा प्राविधिक (चौथो) पदमा २, अमिन (चौथों) पदमा २ र सब इन्जिनियर (अटो/मेकानिकल) पदमा १ जना करारसेवामार्फत पदपूर्ति गरी कार्यसम्पादन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा ४२ बमोजिम गठन हुने अपाङ्गता समन्वय समितिको सदस्य पदमा कार्यपालिका सदस्य श्री .........................................(महिला) लाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

इलाम नगरपालिका, नगर आदिवासी जनजाति समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ को दफा ३ (क), (ख), (ग), (घ) बमोजिम नगर आदिवासी जनजाति समन्वय समितिको निम्न पदमा निम्ँनानुसार मनोनयन गर्ने निर्णय गरियो ।

निम्न :

अध्यक्ष श्री ..............................., इलाम नगरपालिका वार्ड नं. ..........

उपाध्यक्ष श्री ............................, इलाम नगरपालिका वार्ड नं. ............

सचिव श्री ................................., इलाम नगरपालिका वार्ड नं. ..........

कोषाध्यक्ष श्री ..........................., इलाम नगरपालिका वार्ड नं. ..........

प्राविधिक कर्मचारी पदपूर्ति

अपाङ्गता समन्वय समितिमा महिला कार्यपालिका सदस्य तोक्ने

नगर महिला समन्वय समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तोक्ने

नगर आदिवासी जनजाति समन्वय समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तोक्ने

**निर्णय नं. ५**

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा ४२ बमोजिम गठन हुने अपाङ्गता समन्वय समितिको सदस्य पदमा कार्यपालिका सदस्य श्री ........................................(महिला) लाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

इलाम नगरपालिका, स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७४ को दफा ५ बमोजिम गठन हुने समितिमा स्वास्थ्य क्षेत्रका अनुभवी व्यक्तिहरुबाट श्री ..................................... र श्री ........................................... (महिला) लाई तोक्ने ।

**निर्णय नं. ७**

इलाम नगरपालिका र धरान उपमहानगरपालिका बीच मिति २०७५।१।१ मा सम्पन्न भगिनी सम्बन्ध स्थापनासम्बन्धी सम्झौता पत्रको बुँदा नं. (क) कार्यान्वयनका लागि गठित संयुक्त समितिको सदस्य पदमा निम्नानुसार मनोनयन गर्ने ।

सदस्य – धरान उपमहानगरपालिका र इलाम नगरपालिकाका वडाध्यक्ष वा वडा सदस्य मध्येबाट सम्बन्धित नगरपालिकाका प्रमुखबाट मनोनित २/२ जना (मनोनित गर्दा लक्षित समूहका संभव भएसम्म महिलाहरुलाई प्राथमिकता दिएर मनोनित गर्ने) – वडाध्यक्ष श्री .................................... वडा सदस्य श्री ......................................................

सदस्य – धरान उपमहानगरपालिका र इलाम नगरपालिकाका नगर कार्यपालिका सदस्य (महिला) मध्येबाट सम्बन्धित नगरपालिकाका प्रमुखबाट मनोनित १/१ जना, – का.पा.स. श्री .............................................

**निर्णय नं. ८**

इलाम नगरपालिका र महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम बीच मिति २०६९ चैत्र २० गते सम्पन्न सम्झौता अनुसार हरितनगर अध्ययन अनुसन्धान केन्द्रको स्थापना गरिएको हुँदा सोको सुसञ्चालनको लागि नगर कार्यपालिकाको मिति २०७५।५।५ को निर्णयानुसार सञ्चालक समितिको सदस्य पदमा निम्नानुसार मनोनयन गर्ने :

निम्न

सदस्य – नगर प्रमुखबाट प्राज्ञिक क्षेत्रमा विगतमा काम गरेका बुद्धिजीवीबाट १ जना महिला मनोनयन गरिने – .......................................................

सदस्य – नगर प्रमुखबाट पूर्व क्याम्पस प्रमुखहरु मध्येबाट १ जना मनोनयन गरिने – .......................

सदस्य – नगर प्रमुखबाट क्याम्पस रहेको वडाको मा.वि. का प्रधानाध्यापकहरु मध्येबाट १ जना मनोनयन गरिने – ...........................................

**निर्णय नं. ९**

इलाम नगरपालिका, नगर महिला समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ को दफा ३ (क), (ख), (ग), (घ) बमोजिम नगर महिला समन्वय समितिको निम्न पदमा निम्नानुसार मनोनयन गर्ने निर्णय गरियो ।

निम्न :

*अध्यक्ष श्री गायत्री थेगिम, इलाम नगरपालिका वार्ड नं. ६*
*उपाध्यक्ष श्री सुनिता बस्नेत, इलाम नगरपालिका वार्ड नं. ९*
*सचिव श्री सुमित्रा घिमिरे, इलाम नगरपालिका वार्ड नं. ९*
*कोषाध्यक्ष श्री मीना रिजाल, इलाम नगरपालिका वार्ड नं. ७*

**निर्णय नं. १०**

इलाम नगरपालिका, नगर आदिवासी जनजाति समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ को दफा ३ (क), (ख), (ग), (घ) बमोजिम नगर आदिवासी जनजाति समन्वय समितिको निम्न पदमा निम्ँनानुसार मनोनयन गर्ने निर्णय गरियो ।

**मिति २०७९।४।६ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय/तेसो बैठक**

<u>निम्न :</u>

*अध्यक्ष श्री मनराज जबेगु, इलाम नगरपालिका वार्ड नं. ५*
*उपाध्यक्ष श्री रनमाया तामाङ्ग, इलाम नगरपालिका वार्ड नं. ९*
*सचिव श्री होमबहादुर राई, इलाम नगरपालिका वार्ड नं. ६*
*कोषाध्यक्ष श्री दिपेश श्रेष्ठ, इलाम नगरपालिका वार्ड नं. ७*

**निर्णय नं. ९**

र्  निर्णय गरियो ।

**निर्णय नं. १०**

स निर्णय गरियो ।

**निर्णय नं. ११**

झापादेखि निर्णय गरियो ।

**निर्णय नं. १२**

इलाम नगरपालिकाको

**निर्णय नं. १३**

इलामस्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

इलाम निर्णय गरियो ।

**निर्णय नं. १५**

इलाम निर्णय गरियो ।

**निर्णय नं. १६**

स्थानीय

सञ्चालन

**निर्णय नं. १७**

इलामसमन्वय गर्ने निर्णय गरियो ।